राप्ती सोनारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

लुम्बिनी प्रदेश,नेपाल

## राप्ती सोनारी गाउँपालिका पशु सुत्केरी भत्ता (गाई, भैंसी) अनुदान संचालन कार्यविधि २०८१

स्वीकृत मितिः- २०८१/०६/

प्रमाणिकरण मितिः- २०८१/०६/

प्रस्तावना

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०८ को उपदफा १ वमोजिम रासी सोनारी गाउँपालिकाले बनाएको पशु सुत्केरी भत्ता (गाई,भैंसी) अनुदान संचालन कार्यविधि २०८१ बनाएको छ ।

गाई, भैंसीलाई वेतभरी दिने दुधको परिमाण व्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ । सो अवधि भित्र लैनो पशुले बढी दुध दिन सकेमा मात्र सोही अनुपातमा सो वेत भरी नै उत्पादनमा कायम राख्न सकिन्छ। त्यसैले सो अवधि पशुको अति महत्वपूर्ण अवस्था रहेको र त्यस अवस्थामा नै नवजात बाच्छा बाच्छी, पाडा पाडीको स्याहार सुसार गर्नु पर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारको लागि कृषकहरुलाई जागरण ल्याउन आवश्यक ठानी गाई भैसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न रासी सोनारी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम पशु सुत्केरी भत्ता (गाई,भैसी) अनुदान कार्यविधि २०८१ रहेको छ ।

ख) यो कार्यविधि रासी सोनारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भए पश्चात प्रारम्भ हुने छ ।

**२. परिभाषा विषय वा प्रसङले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि**

क) **"मन्त्रालय"** भन्नाले विषय वा प्रसङ अनुसार कृषि तथा पशुपन्छी विकास अथवा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्ने छ ।

ख) **"प्रदेश मन्त्रालय"** भन्नाले विषय वा प्रसङ अनुसार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

ग) **"विभाग"** भन्नाले पशु सेवा विभाग सम्झनु पर्दछ ।

घ) **"विज्ञ केन्द्र"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।

ङ) **"कार्यालय"** भन्नाले रासी सोनारी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

च) **"शाखा/इकाई"** भन्नाले रासी सोनारी गाउँपालिका पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

छ) **"पशु सेवा केन्द्र"** भन्नाले रासी सोनारी गाउँपालिका भित्र रहेका पशु सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

रासी सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया बाँके लुम्बिनी प्रदेश,नेपाल

तप्त बहादुर पौडेल
अध्यक्ष

ज) **"पशु सेवा फाँट"** भन्नाले रासी सोनारी गाउँपालिका वडा कार्यालय भित्र रहेका पशु सेवा फाँटलाई सम्झनु पर्दछ ।

झ) **"समिति"** भन्नाले ५ वटा सो भन्दा बढी कृषक समूह संगठित भई साविक जिल्ला पशु सेवा कार्यालय वा गाउँपालिका पशु सेवा शाखामा दर्ता भएको समूहलाई सम्झनु पर्दछ ।

ञ) **"समूह"** भन्नाले १० देखि २५ जना कृषकहरु संगठित भई साविक जिल्ला पशु सेवा कार्यालय वा गाउँपालिका पशु सेवा शाखामा दर्ता भएको समूहलाई सम्झनु पर्दछ ।

ट) **"निजि फार्म"** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा दर्ता भएका कृषि/पशु पालन सम्बन्धी फार्मलाई सम्झनु पर्दछ ।

ठ) **"अनुदान"** भन्नाले कृषकहरुले कृषि/पशुपालन सेवा सम्बन्धी कुनै पनि व्यवसाय संचालनको लागि सरकारी तर्फबाट अनुदान दिई कृषकलाई उत्साहित तथा हौसला प्रदान गर्नु ।

**३ . उद्धेश्यः**

क) दुधालु गाई भैसीको लैनो अवस्थामा थप स्याहार र उचित पोषणका माध्यमबाट दुध उत्पादन कायम राख्ने ।

ख) बाच्छा बाच्छी /पाडा पाडीका मृत्युदर कम गरी उचित बृद्धिदर तौल तथा गुणस्तर कायम राख्ने ।

ग) पशुको दुई वेतमा अन्तर कम गरी लागत घटाउने ।

४ . **कार्यक्रम संचालन हुने स्थानः** रासी सोनारी गाउँपालिका अन्तरगत सबै वडामा लागु हुनेछ ।

**६ . कार्यक्रम संचालनको लागि छनौटको आधारहरु (मापदण्ड)**

क) पशु वीमा गरेको हुनु पर्नेछ ।

ख) सम्बन्धीत वडा कार्यालयबाट सिफारिस गरेको हुनु पर्नेछ ।

ग) स्थलगत अनुगमन प्रतिवदेन (पशु सेवा शाखाबाट) पेश गरेको दिनु पर्नेछ ।

घ) निवेदन पेश गर्दा सुत्केरी पशुको तस्वीर (फोटो) सहित पेश गर्नु पर्नेछ ।

ङ) कृत्रिम गर्भाधान सेवा गरेकोलाई पहिलो प्रथामिकता दिईनेछ ।

च) यस गाउँपालिका पशु सेवा शाखामा दर्ता तथा सूचीकृत भएका फार्महरुको हकमा नविकरण गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

रापती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

तप्त बहादुर पौडेल
अध्यक्ष

**७. कार्यक्रम सञ्चालनका लागि छनौट प्रकृयाः-**

क) राप्ती सोनारी गाउँपालिका पशु सेवा शाखाले सार्वजनिक सूचना आह्वान गर्नेछ ।

ख) अनुदान प्राप्त गर्न इच्छुक कृषकले मापदण्ड पुरा गरी राप्ती सोनारी गाउँपालिका पशु सेवा शाखामा निवेदन पेश गर्नु पर्नेछ ।

ग) आर्थिक विकास समिती तथा पशु सेवा शाखाले पेश भएका विवरणको आधारमा कृषक छनौट गर्नेछ । प्रति कृषकलाई रु. २०००/- (दुई हजार) का दरले कृषकलाई उपलब्ध हुने गरी छनौट समितिले प्राथमिकताको आधारमा कृषक छनौट गर्नेछ ।

घ) विनियोजन बजेटबाट पुग्ने संख्याका कृषक भन्दा बढी आवेदन परेको हकमा गरिवीका सूचीमा परेका तथा हालसम्म कुनै सुविधा नपाएका कृषकहरुलाई पहिलो प्राथमिकता दिई सूची तयार पारिनेछ । यसो गर्दा पनि कृषक संख्या बढि भएमा पहिले ब्याउने पशुलाई पहिलो प्राथमिकता दिई कृषक छनौट गरिनेछ ।

ङ) कृषक छनौट गर्नका लागि आर्थिक विकास समितिका संयोजक, १ जना गाउँपालिका प्रमुख ज्यूले तोकेको जनप्रतिनिधी र पशु सेवा शाखा प्रमुख १ जना रहने गरी ३ सदस्यिय छनौट समिति रहनेछ । अन्य आधार सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

च) कृषक छनौट भैसकेपछी छनौट भएका कृषकहरुले यो कार्यविधी अनुसारको अनुदान रकम प्राप्त गर्नेछन् ।

**८. सेवा सञ्चालान प्रकृयाः-**

यस कार्यक्रम बमोजिमको सेवा सञ्चालन गर्ने पकृया देहाय बमोजिम हुनेछ ।

क) छनौट भएका कृषकलाई पशु सेवा शाखाको सिफारिस अनुसूची २ अनुसार दिईनेछ ।
ख) अनुदान प्राप्त गर्न छनौट भएका कृषकलाई राप्ती सोनारी गाउँपालिकाको कार्यालयले बैंक चेक मार्फत भूक्तानी गर्नु पर्नेछ ।
ग) पशु ब्याई नसकेको तर ब्याउने अवस्थाको प्रमाण सहित निवेदन पेश गरि अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुले पशु ब्याएको प्रमाण पशु सेवा शाखामा पेश गरेपछि मात्र अनुदान रकम प्राप्त गर्नेछन् ।

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

.................
तप्त बहादुर पौडेल
अध्यक्ष

९. गाई भैंसीलाई सुत्केरी भत्ता, पशु आहारा तथा भिटामिन, मिनरल आदि खरिद कार्य गर्नका लागि तपसिल बमोजिमको अनुदान उपलब्ध गराईनेछ ।

१०. विनियोजित रकमबाट ५०% हुन आउने रकमले भिटामिन, मिनरल, पशु आहारा खरिद गरी सम्बन्धित कृषकलाई हस्तान्त्रण गरिनेछ ।

११. भूक्तानी प्रकृया:-

पशु सुत्केरी भत्ता कार्यक्रमको भूक्तानी प्रकृया पशु सेवा शाखाको सिफारिसमा कुल अनुदान रकम अनुगमन प्रतिवेदन प्राप्त भई सकेपछि एकमुष्ट भुक्तानी गरिनेछ ।

| क. सं. | कार्यक्रमको विवरण | इकाई | रु. |
|---|---|---|---|
| १. | सहकारी फार्म/व्यक्तिगत/व्यावसायिक फार्मका बिमित गाई भैंसीलाई मात्र पशु सुत्केरी भत्ता | प्रतिपशु प्रतिवेत | २०००/- |

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया बाँके
लुम्बिनी प्रदेश नेपाल

..................
तप्त बहादुर पौडेल
अध्यक्ष

## अनुसूची – १

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
राप्ती सोनारी गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके

विषयः सुत्केरी भत्ता पाउँ बारे ।

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको मिति.............................को सूचना अनुसार पशु सुत्केरी भत्ताका लागि यसै निवेदन साथ तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

तपसिल

१. बिमाको प्रमाण पत्र/बिमा पोलिसी
२. वडा कार्यालयको सिफारिस
३. स्थलगत अनुगमन प्रतिवेदन
४. सुत्केरी पशुको तस्विर(फोटो)

निवेदक
हस्ताक्षरः.............................
कृषकको नामः.......................
कृषकको ठेगानाः...................
सम्पर्क नं. ..........................

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

..............................
तप्त बहादुर पौडेल
अध्यक्ष

## अनुसूचि – २

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके

पशु सुत्केरी भत्ताको लागि पशु धनिले भर्ने फारम (२०८१/०८२)

फार्मको नामः-

कृषकको नामः-

ठेगानाः-

| क्र. सं. | पशुको विवरण | | | | | | | कृषकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | पशुको किसिम | उमेर | ब्याएको मिति | रङ्ग | बिमा कम्पनी | ट्याग नं. | बिमा अवधि | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| ...................... | ........................ | .......................... |
|---|---|---|
| पशु सेवा शाखा प्रमुख | लेखा प्रमुख | प्रमुख प्रशासकीय |

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

..................................
तप्त बहादुर पौडेल
अध्यक्ष